# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १०७औं बैठकको निर्णयहरु

**स्थान:-** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यूको कार्यकक्ष, सिंहदरबार ।
**मिति :-**२०७५।०३।०१
**समय:-** विहान ९:०० बजे

**निर्णय नं.१**

२०७२ साल बैशाख १२ गतेको भूकम्प र त्यसपछाडी विभिन्न मितिमा गएका पराकम्पहरुको कारण विभिन्न जिल्लाका बस्तीहरुलाई असर पर्न गयो भनी जिल्लास्थित दैवीप्रकोप उद्धार समितिबाट लेखी आउनुका साथै यस प्राधिकरण वा अन्तर्गतका जिल्लास्थित सचिवालयहरुमा पर्न आएको निवेदनका सन्दर्भमा यस प्राधिकरणबाट खटिएका भूगर्भविद सहितको टोलीबाट दोलखा, गोरखा, नुवाकोट, ओखलढुंगा र सिन्धुपाल्चोक गरी जम्मा ६१ स्थानहरुको अध्ययन गरी प्रतिवेदन पेश भएको छ । उक्त प्रतिवेदनमा जोखिमयुक्त बस्तीका लाभग्राहीहरु पहिचान गरी सूची समेत संलग्न गरिएको छ । ती जोखिमयुक्त बस्तीका पहिचान भएका बासिन्दाहरुलाई लाभग्राही कायम गर्नुपर्ने भएको छ ।स्थानान्तरणको लागि सिफारिस भएका १५७ घरधुरी मध्ये १४६ घरधुरी पुनर्निर्माणका लाभग्राही पहिले नै कायम भइसकेको छ र बाँकी ५ घरधुरी प्रबलीकरणका लाभग्राही कायम भएका र ६ घरधुरी पुनर्निर्माणको लाभग्राही कायम नभएकाहरुलाई स्थानान्तरणको लाभग्राहीको साथसाथै पुनर्निर्माणको समेत लाभग्राही कायम गर्नुपर्ने भएको छ । यस विषयमा भौगर्भिक अध्ययनको लागि खटिएको टोलीबाट पेश हुन आएको विवरणलाई जोखिमयुक्त बस्तीको भौगर्भिक अध्ययन सम्बन्धी उपसमितिको संयोजक कार्यकारी सदस्य श्री ध्रुवप्रसाद शर्माको संयोजकत्वमा बसेको बैठकले स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्न सिफारिस गरेको छ ।

"जोखिमयुक्त बस्ती पुनर्स्थापना तथा स्थानान्तरण सम्बन्धी कार्यविधि, २०७३" को दफा ३ उपदफा ४ ले स्थानान्तरणका लाभग्राहीलाई पुनर्निर्माणको लाभग्राही सरह निजी आवास पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराउने व्यवस्था गरेको र "भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संसोधन), २०७३" को दफा ३ उपदफा १ बमोजिम स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरिएको छ ।

सचिव

निर्णयहरु:

१. संलग्न सूची अनुसार ६१ स्थानका १५७ परिवारलाई जोखिमयुक्त वस्तीका लाभग्राही कायम गर्ने ।

२. माथि उल्लेखित १५७ घरधुरीमध्ये घरधुरी सर्भेक्षणमा गैरलाभग्राहीमा परेका ६ घरधुरी र प्रवलीकरणका लाभग्राहीको रुपमा सूचीकृत ५ घरधुरी गरी जम्मा ११ घरधुरीलाई पुनर्निर्माणका लाभग्राही कायम गर्ने ।

निर्णय नं. २

२०७२ साल बैशाख १२ गते गएको भूकम्प र त्यसपछाडी विभिन्न मितिमा गएका पराकम्पहरु पश्चात जोखिमयुक्त वस्तीहरुलाई असर पर्न गयो भनी जिल्लास्थित दैवीप्रकोप उद्धार समितिबाट पत्र लेखी आएको र यस प्राधिकरण वा अन्तर्गतका जिल्लास्थित सचिवालयहरुमा निवेदनहरु पर्न आएको । यीनै पत्र र निवेदनहरुको आधारमा पुनर्निर्माण प्राधिकरणबाट खटिएका भूगर्भविद सहितका अध्ययन टोलीबाट काभ्रेपलाञ्चोक, दोलखा, नुवाकोट, रसुवा, गोरखा, गुल्मी, ओखलढुंगा, पर्वत र सिन्धुपाल्चोक गरी ९ जिल्लाका ६० स्थानहरुको अध्ययन प्रतिवेदन प्राप्त भएको छ । उक्त प्रतिवेदनमा विभिन्न जिल्लाका विभिन्न ठाउँहरुलाई जोखिमको आधारमा वर्गीकरण (Category I, II, III) गरिएको छ । यस विषयमा भौगर्भिक अध्ययनको लागि खटिएको अध्ययन टोलीबाट पेश हुन आएको विवरणलाई जोखिमयुक्त वस्तीको भौगर्भिक अध्ययन सम्बन्धी उपसमितिका संयोजक एवं यस प्राधिकरणका कार्यकारी सदस्य श्री ध्रुव प्रसाद शर्माको संयोजकत्वमा बसेको बैठकले स्वीकृतिको लागि कार्यकारी समितिमा पेश गर्न सिफारिस गरेको छ ।

"जोखिमयुक्त वस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३" को बुँदा १ बमोजिमको माथी उल्लेखित ९ जिल्लाका ६० स्थानहरुलाई गरिएको वर्गीकरण (Category I, II, III) स्वीकृतिको लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरिएको छ ।

निर्णय:

तपशिल बमोजिमको सूची अनुसारको भौगर्भिक अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुसार निम्न जिल्लाका विभिन्न स्थानहरुको वर्गीकरणलाई स्वीकृति प्रदान गर्ने ।

सचिव

तपशिल

| सि.नं. | जिल्ला | Category I | Category II | Category III | जोखिममा परेका घरधुरी |
|---|---|---|---|---|---|
| १ | काभ्रेपलाञ्चोक | - | - | १ | २० |
| २ | दोलखा | - | - | २ | १५ |
| ३ | नुवाकोट | ४ | २ | ७ | १४ |
| ४ | रसुवा | १ | - | - | - |
| ५ | गोरखा | १ | ७ | १४ | १२२ |
| ६ | गुल्मी | - | ६ | १ | ३ |
| ७ | ओखलढुंगा | २ | ५ | १ | ५४ |
| ८ | पर्वत | ४ | - | १ | १ |
| ९ | सिन्धुपाल्चोक | - | - | १ | १ |
| जम्मा | | १२ | २० | २८ | |

निर्णय नं. ३

२०७२ साल वैशाख १२ गते गएको भूकम्प र त्यसपछाडीका विभिन्न मितिमा गएको पराकम्पहरु पश्चात जोखिमयुक्त वस्तीको पहिचान गर्ने सन्दर्भमा खानी तथा भूगर्भ विभाग र यस प्राधिकरणबाट खटिएका प्राविधिकहरुले पेश गरेको प्रतिवेदनमा अधारीत भई बस्तीहरुलाई ३ भागमा वर्गीकरण गरिएको छ । वर्गीकरणमा Category III भनी असुरक्षित बस्तीका रुपमा पहिचान गरिएका वस्तीहरुमा निजी आवास निर्माणको लागि अनुदान सम्झौता गर्ने देखी स्थायी संरचना निर्माण गर्न समेत बन्देज लगाईएकोमा हाल आएर असुरक्षित बस्तीको रुपमा पहिचान भएका केही वस्तीका लाभग्राहीहरुले उक्त वस्ती सुरक्षित रहेको भनी स्थानीय तहमा निवेदन दिई निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता गर्न र निजी आवास निर्माणको फुकुवाको लागि माग गरेको देखिन्छ ।सरोकारवालाको माग सम्बोधन गर्नु पूर्व वर्गीकरणमा Category III मा परेको वस्तीको पुन अध्ययन गर्ने निर्णय गर्नुपर्ने हुन्छ । उक्त अध्ययनको लागि प्राविधिक उपसमिति गठन गर्न आवश्यक देखिएको हुँदा जोखिमयुक्त वस्तीको अध्ययन गर्ने गराउने विषयमा स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय:

वर्गीकरणमा Category III भनी बर्गीकरण गरिएको वस्तीलाई पुनरावलोकन गर्न माग भई आएका वस्तीहरुको सम्बन्धमा थप अध्ययन गरी प्रतिवेदन पेश गर्न यस प्राधिकरणका कार्यकारी समिति सदस्य डा. हरिराम पराजुलीको संयोजकत्वमा सम्बन्धित विषयको विशेषज्ञ सहितको एक उपसमिति गठन गर्ने ।

निर्णय नं. ४

क. छुट सर्भेक्षण र पुनःजाँच निरिक्षण गरी इन्जिनियरहरुबाट MIS मा प्राप्त भएका तथ्यांकहरुको छानबीन गरी लाभग्राही/गैरलाभग्राही कायम गर्न सिफारिस भएका ४,९७० गुनासोको विवरण सहित पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को दफा १२(१) बमोजिम गठित केन्द्रीय गुनासो व्यवस्थापन समितिको मिति २०७५/०२/२९ को बैठकबाट कार्यकारी समितिमा निर्णयको लागि सिफारिश भई आएका व्यक्तिहरुलाई लाभग्राही/गैरलाभग्राही कायम गर्नु पर्ने भएको छ ।

ख. कार्यकारी समितिबाट हालसम्म कूल ३०,५१८ गुनासाहरुको निर्णय भईसकेको र जसमा ६,७३६ गुनासोकर्ताहरु गैरलाभग्राही कायम भएका छन । यसरी गैरलाभग्राही कायम भएका व्यक्तिहरुले कार्यकारी समितिको निर्णयमा चित्त नबुझेमा पुनरावेदन समितिसमक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ (१) मा व्यवस्था भएको र निर्णय भएको मितिले पैंतिस दिनभित्र पुनरावेदन गरिसक्नु पर्ने व्यवस्था राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन कार्यविधि, २०७३ बुँदा नं. ३(१) मा व्यवस्था भएकोले सरोकारवालाहरुलाई जानकारी गराउनको लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने भएको छ ।

ग. भूकम्पबाट प्रभावित निजी आवासको लगत संकलन गर्दा साविक स्थान वा अर्को स्थानमा बस्न योग्य घर भएको विवरण प्राप्त भई गैरलाभग्राहीमा परेका व्यक्तिहरुले गरेको गुनासोका सम्बन्धमा छुट तथा पुनःजाँच सर्भेक्षण हुँदा अर्को स्थानमा बस्न योग्य घर नभएको भनी विवरण दिएका ६,६८७ गुनासोकर्ताहरुको विवरणहरु MIS मा प्राप्त भएको र निजहरुले पहिले सर्वेक्षणकै क्रममा लेखाईएको विवरण अनुसार साविक वा अर्को स्थानमा बस्न योग्य घर भए नभएको यकीन गर्नुपर्ने भनी कार्यकारी समितिमा सिफारिस गर्न केन्द्रीय गुनासो व्यवस्थापन समितिको मिति २०७५/०२/२९ को बैठकबाट निर्णय भएकोले विवरण अनुसार साविक वा अर्को स्थानमा बस्न योग्य घर भए नभएको यकीन गर्नुपर्ने भएको छ । माथि उल्लेखित प्रकरण (क) (ख) र (ग) मा उल्लेखित व्यहोरा स्वीकृतिको

लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरिएको छ ।

निर्णय:

क. छुट तथा पुनर्जाँच सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको छानविन गरी प्राप्त बिभिन्न जिल्लाका तालिका-१ मा उल्लेखित १२ वटा स्थानीय तहका १,९१९ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही (Probable Beneficiary) , ६२९ गुनासोकर्तालाई सम्भाव्य लाभग्राही (Potential Beneficiary), १,०३० गुनासोकर्तालाई प्रबलीकरण लाभग्राही (Retrofitting Beneficiary) र १,०७९ गुनासोकर्तालाई गैरलाभग्राही कायम गर्ने ।

ख. छुट तथा पुन:जाँच सर्भेक्षणबाट प्राप्त तथ्यांकहरुको छानविनबाट हालसम्म गैरलाभग्राही कायम भएका ६,७३६ (आजको बैठक समेत बाट) गुनासोकर्ताहरुको सूची Hard Copy तथा Soft Copy सम्बन्धित स्थानीय तह र वडा कार्यालयहरुमा पठाउने ।

ग. गैरलाभग्राही कायम भएका गुनासोकर्ताहरुको सूची आ-आफ्नो स्थानीय तहमा पठाई सकिएकोले सबै गुनासोकर्ताहरुको जानकारीको लागि तालिका-२ मा उल्लेखित तत् स्थानमा सम्पर्क गर्नका लागि जानुहुन यसैसाथ संलग्न सूचना गोरखापत्रमा लगातार २ पटक प्रकाशित गर्ने ।

घ. गैरलाभग्राही गुनासोकर्ताहरुको लागि पुनरावेदन गर्ने ३५ दिने म्याद गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मितिबाट गणना हुने ।

ङ. भूकम्पबाट क्षति भएको निजी आवास लगत संकलनका क्रममा सोही स्थान वा अन्यत्र अर्को बस्न योग्य घर भएको भनी विवरण लेखाएका तर छुट तथा पुन:जाँच सर्भेक्षणका क्रममा अर्को बसोबास योग्य घर नभएको भनी विवरण लेखाएका तालिका-३ मा उल्लेखित संख्याका ६,६८७ गुनासोकर्ताहरुको अर्को घर भए नभएको गाउँपालिका तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुलाई प्रमाणित गरी पठाउन निर्देशन दिने । सोको लागि आवश्यक समन्वय जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले गर्न निर्देशन दिने ।

निर्णय नं. ५

भूकम्प पश्चात्को पुनर्निर्माणको अभियानमा गैरसरकारी क्षेत्रलाई संलग्न गराउने उद्देश्यले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ प्रचलनमा रहेको छ । यसै कार्यविधिमा आधारित रहेर Child space foundation Nepal नामक राष्ट्रिय गैरसरकारी संस्थाबाट विद्यालय भवन निर्माण गर्ने उद्देश्यलेले निबेदन प्राप्त भएको छ । बिद्यालय भवन पुनर्निर्माणमा सहयोग गर्ने बिषय प्राधिकरणको प्राथमिकता भित्र पर्ने भएकोले यी प्रस्तावहरु सान्दर्भिक छन् । प्रस्तावित परियोजनाहरुका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (शिक्षा) ज्ञानेश्वरका साथै विज्ञ कार्यकारी सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठ समेतबाट मिति २०७५ जेष्ठ २० मा सकरात्मक सिफारिस प्राप्त भएको छ।

पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ अनुसार Child space foundation Nepal नामक राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त विद्यालय भवन पुननिर्माण योजना स्वीकृतिको लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णयः

तालिका-४ मा उल्लेख गरिए बमोजिमको Child space foundation Nepal नामक राष्ट्रिय गैरसरकारी संस्थाबाट पेश भएको विद्यालय भवन पुनर्निर्माण योजनाको प्रस्ताव स्वीकृत गर्ने ।

<u>तालिका-१</u>

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त गुनासोको विश्लेषणबाट प्राप्त विभिन्न स्थानीय तहका लाभग्राही तथा गैरलाभग्राहीहरुको विवरण

| सिनं | जिल्ला | गाउँपालिका/नगरपालिका | पुनर्निर्माण लाभग्राही | सम्भाव्य लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही | जम्मा प्रवलीकरण लभाग्राही | गैर लाभग्राही |
|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | भक्तपुर नगरपालिका | ८७ | ४७ | १३४ | ५८ | ८५ |
| २ | भक्तपुर | चाँगुनारायण नगरपालिका | १४७ | १४० | २८७ | १४४ | १७१ |
| ३ | भक्तपुर | मध्यपुरथिमी नगरपालिका | ३० | ३ | ३३ | ४५ | ११२ |
| ४ | भक्तपुर | सुर्यविनायक नगरपालिका | १३२ | ७२ | २०४ | १२७ | १९७ |
| ५ | गोरखा | भिमसेन गाउँपालिका | ३९६ | ८४ | ४८० | १०३ | ५२ |
| ६ | गोरखा | चुम्नुब्री गाउँपालिका | १२१ | ४७ | १६८ | ३३ | १७ |
| ७ | ललितपुर | बागमती गाउँपालिका | १२४ | १९ | १४३ | १५० | ५३ |
| ८ | ललितपुर | गोदावरी गाउँपालिका | ५४ | ९ | ६३ | ११३ | ६९ |
| ९ | ललितपुर | कोन्जोसोम गाउँपालिका | ३४ | ३ | ३७ | १०३ | २१ |
| १० | ललितपुर | महांकाल गाउँपालिका | ३७ | २ | ३९ | १८ | ० |
| ११ | नुवाकोट | लिखु गाउँपालिका | ५३३ | १८२ | ७१५ | ७६ | १९८ |
| १२ | नुवाकोट | मेघांङ गाउँपालिका | २२४ | २१ | २४५ | ६० | १०४ |
| | | जम्मा | १९१९ | ६२९ | २५४८ | १०३० | १०७९ |

तालिका-२

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरबार, काठमाण्डौं

**सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७५/०३/०२)**

२०७२ सालको भूकम्पबाट निजी आवास क्षति भई पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो गरेका व्यक्तिहरुको सम्बन्धमा यस प्राधिकरणले संचालन गरेको छुट तथा पुनःजाँच सर्वेक्षणबाट प्राधिकरणमा प्राप्त गुनासाहरुको सम्बन्धमा कार्यकारी समितिको विभिन्न मितिको निर्णयबाट देहायका जिल्लाका तपसिल बमोजिमका स्थानीय तहका गुनासोकर्ताहरु मध्ये १८,५७८ लाभग्राही र ६,७३६ गैरलाभग्राही कायम गर्ने गरी निर्णय भईसकेकोले आ-आफ्नो स्थानीय तहमा सम्पर्क राख्नुहुन र गैरलाभग्राहीहरुले नतिजामा चित्त नबुझे यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र तोकिएको ढाँचामा जिल्ला आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मार्फत पुनरावेदन समितिमा पुनरावेदन गर्न सकिने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | धादिङ | थाक्रे, रुभिभ्यालि, बेनिघाट रोराङ, गंगाजमुना गाउँपालिका |
| २ | दोलखा | विगु, कालिञ्चोक गाउँपालिका |
| ३ | काभ्रेपलाञ्चोक | बेथानचोक, तेमाल गाउँपालिका |
| ४ | ओखलढुंगा | चिसांखुगढी, खिजिदेम्बा, लिंखु गाउँपालिका |
| ५ | सिन्धुपाल्चोक | मेलम्ची , बाह्रविशे नगरपालिका<br>बलेफी, भोटेकोशी, हेलम्बु, जुगल, इन्द्रावति, सुनकोशी, चौतारा साँगाचोक गढी, लिसंखु पखर, पाँचपोखरी थाङपाल गाउँपालिका |
| ६ | गोरखा | सिरानचोक, आरुघाट, अजिरकोट, भिमसेन, चुनुम्ब्री गाउँपालिका |
| ७ | रसुवा | गोसाईकुण्ड, कालिका, नौकुण्ड, पार्वतिकुण्ड, उत्तरगया, लिखु, मेघान गाउँपालिका |
| ८ | नुवाकोट | विदुर, बेलकोट गढी नगरपालिका |
| ९ | काठमाण्डौ | काठमाण्डौं महानगरपालिका |

| क.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| | | बुढानिलकण्ठ, चन्द्रागिरी, गोकर्णश्वर, किर्तिपूर, नागार्जुन, शंखरापुरा, तारकेश्वर, टोखा, दक्षिणकालि, कागेश्वरी मनहरा नगरपालिका |
| १० | रामेछाप | मन्थली नगरपालिका |
| ११ | भक्तपुर | भक्तपुर, चाँगुनाराण, सुर्यबिनायक, मध्यपूरथिमि नगरपालिका |
| १२ | ललितपुर | गोदावरी नगरपालिका,<br>बागमती, कोन्ज्योसोम, महांकाल गाउँपालिका |

(नोट : फर्छ्यौट भएका गुनासाहरुको विवरण जिल्ला आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) र स्थानीय तहमा पठाईएको छ । सोहि निकायबाट जानकारी लिनुहुन समेत अनुरोध छ । साथै अर्को स्थानमा बस्न योग्य घर भएको भनी विवरण प्राप्त भएकाहरुको हकमा निर्णय प्रकृयामा रहेको व्यहोरा जानकारी गराईन्छ ।)

सचिव

## तालिका-३

पहिलो सर्वेक्षणमा सोही स्थान वा अर्को स्थानमा बस्न योग्य घर भएको भनि विवरण लेखाएका तर छुट तथा पुनः जाँच सर्वेक्षणमा अर्को बस्न योग्य घर नभएको भनि लेखाएका गुनासोकर्ताहरुको विवरण

| जिल्ला | गुनासोकर्ताको संख्या |
|---|---|
| भक्तपुर | ६६४ |
| धादिङ | ५४३ |
| दोलखा | ७०२ |
| गोरखा | ८१० |
| काठमाण्डौ | ३०६ |
| काभ्रेपलाञ्चोक | ८९३ |
| ललितपुर | २९६ |
| मकवानपुर | ३९० |
| नुवाकोट् | ५८६ |
| ओखलढुंगा | १०२ |
| रामेछाप | ३६२ |
| रसुवा | ८२ |
| सिन्धुली | ४१७ |
| सिन्धुपाल्चोक | ५३४ |
| **जम्मा** | **६६८७** |

सचिव

तालिका- ४

| क.स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क स. | विद्यालयको नाम | स्थान | लक्ष | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| 1 | Child Space Foundation Nepal | Development of 2 Roomed School Building in a community School of Nepal. | Education | १ | अमर आधारभूत विद्यालय | नमोबुद्ध नगरपालिका वडा न ४, काभ्रेपलान्चोक | २ कोठा | ०५.३७% | ९४.६३ % | २२,३२,५७०.७९ | २०१८ जुलाई |

सचिव